परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION


साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष १० ❑ अंक २२ २०७८ पुस १८ गते आईतवार Sunday 2, JAN 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## लाखौं पर्ने जग्गा भएको धनी पूर्जा र सर्वोच्च अदालतको फैसला हातमा लिएर भौतारीदै



बैशाखीको सहरामा न्याय खोज्दै वृद्ध खैरुन निशा

विराटनगर । लाखौको जग्गा भएको जमीनको लालपुर्जा र सवौच्च अदालतबाट अंश चलन मुद्दा जितेको फैसला लिएर बैशाखीको सहारामा एक वृद्धले कहिले जिल्ला प्रशासन कार्यालय, कहिले प्रहरी कार्यालय, कहिले विराटनगर महानगर पालिका त कहिले पत्रकारहरुको अगाडी न्याय माग्दै भौतारि रहेकी छिन् ।

विराटनगर महानगर पालिका साविक वडा नं. ७ हाल वडा नं. ६ स्वागत चौक बस्ने ७० वर्षिय वृद्ध खैरुन निशाले छोरा हफिजुल्ला मियां समेत नाम दर्ताका सविक विराटनगर नगरपालिका वडा नं. कित्ता नं. १५९५ जग्गाको क्षेत्रफल ६ धुर अढाई कनुवा जग्गा भएको लालपुर्जा र सर्वौच्च अदातलबाट २०७० साल फाल्गुण २५ गते भएको अन्तिम फैसलाको प्रमाण्ति प्रतिलिपि लिएर न्यायको खोजिमा हिडि रहन्छिन् ।

खैरुन मियांको अनुसार अमिरअल्लाह मियांको दुई पत्नी जेठी नुरजहा र कान्छी म खैरुन रहेको थिए । जेठी पत्नीवाट तीन छोरा अताउल्ला मियाँ, उमेद मियाँ र सनाउल्ला मियाँ छोरीहरुमा लाडली, रोवेदो, गुलशन, नडिदा समेतका जाय जन्म भएको र मेरो तर्फवाट १ छोरा हफिजुल्ला मियाँ र छोरीहरु जीवन आरा र रानी खातुनको जाय जन्म भएको थियो । हामी अंशियार बीच अंश चलन मुद्दा मोरंग जिल्ला अदालत, पुनरावेदन अदालत र सर्वौंच्च अदालत समेतवाट अंश वापत उक्त जग्गा पाएको तर जेठी तर्फका छोरा र नातीहरुले कब्जागरी बसेको आफु चाहि भाडा घरमा बसी भिख मागेर पेट पालेको वताए

उक्त जग्गामा घर समेत रहेको र उक्त घर गोदाम भाडा लगाएर उनीहरुले नै रकम उठाएको भन्दै

वांकी अन्तिम पेजमा...

## भूसको आगो बन्दै किसन आन्दोलन

विराटनगर । जनमत पार्टीले शुरु गरेको किसान आन्दोलन भूसको आगो जस्तै मधेशका जिल्ला फैलिदै गई रहेको छ ।

जनमत पार्टीले सुरु गरेको किसान आन्दोलन अनिश्चित कालका लागी जारी राख्ने घोषणा अन्तर्गत प्रदेश नं. १ को राजधानी विराटनगरको रोडशेष चौकमा रहेको मुख्यमन्त्री कार्यालय अगाडी रानी विराटनगर सडक खण्डमा टायर बालेर अवरोध गरेका छन् ।

सडक अवरोध गर्दा प्रहरी प्रशासनले सडकमा टायर नवाल्न आग्रह गर्दै आन्दोलन कारीहरुलाई सडक अवरोध गर्नवाट रोक्दै आन्दोलनकारीहरुलाई पक्राउ गरी थन्ने समेत प्रहरीले धम्की दिएको कुरा जनमत पार्टी विराटनगर महानगर पालिकाका संयोजक अरुण कुमार मण्डलले वताए ।

किसन आन्दोलन विस्तारै किसानहरुको आँखा खोल्दै गई वरहेको छ । मधेशका जिल्लाहरुमा भएको आन्दोलनमा दिनानुदिन किसानहरुको संख्या सडकमा बढ्दै गई रहेको छ । समयमै सरकारले किसनहरुको मागलाई सम्बोधन नगरे किसान आन्दोलन अझ चर्किने जनमतका नेताहरुले दावी गरेका छन् ।

जनमत पार्टीले किसानको माग सम्बोधन गर्न सरकारले उच्चस्तरीय समिति गठन गर्नुपर्ने, समयमा मलखाद र बीउको व्यवस्थापन गर्नुपर्ने, सिचाईको व्यवस्था गर्नुपर्ने, नसके सिंचाइको लागि विद्युत नि:शुल्क उपलब्ध गर्नुपर्ने, हावाहुरी र वर्षाले भएको

वाँकी अन्तिम पेजमा...

## अध्यक्षले धोका दिएको भन्दै गापामा तालाबन्दी

विराटनगर । मोरंग जिल्लाको जहदा गाउँपालिकाको अध्यक्ष कैलाश प्रसाद मण्डलले बारम्बार अश्वासन दिएर माग पुरा नगरी धोका दिएको भन्दै विद्यालयहरुको कर्मचारी र बाल विकासका शिक्षिकाहरुले गाउँपालिकामा आइतवार देखि तालाबन्दी गर्ने भएको छ ।

नेपाल पत्रकार महासंघ शाखा कार्यालय मोरंगको सभाहलमा गरीएको पत्रकार सम्मेलनका सहभागी विद्यालय कर्मचारीहरु र बालविकासमा पढाउने शिक्षिका हरुले सो कुरा वताएका छन् । उनीहरुले भने 'हामी पटक पटक वडा अध्यक्ष, गाउँपालिका अध्यक्षसंग भेटघाट गर्दा सकारात्म आश्वासन पायौ तर गाउँपालिकाको पुर्ण बैठक बस्दा अध्यक्षले कुनै निर्णय नगरी हामीलाई धोका दिएको कारण आन्दोलनमा उत्रिनु परेको सहभागीहरुको भनाई थियो ।

पत्रकार सम्मेलनमा नेपाल शिक्षक महासंघ जहदा मोरंगको अध्यक्ष चैतु लाल मण्डलले भने २०७८/०७९ को बजेटमा विद्यालयहरुमा कार्यरत कर्मचारी र बालविकास सहयोगी कार्यकताहरुको तलब भत्तामा बृद्धि भएको सोलाई कार्यन्वयानका लागि पुस्तिकामा समेत प्रस्टरुपमा उल्लेख गरि सम्वन्धीत निकायलाई निर्देशन समेत भई सकेकोले सो अनुरुप गाउँपालिकाको अध्यक्षले कार्यान्वय नगरेको हुँदा गाउँपालिकामा ताला लगाउन बाध्य हुनु परेको वताए ।

विद्यालय कर्मचारी र बालविकास शिक्षिकाहरुले नेपाल शिक्षक महासंघको नेतृत्वमा पुस १६ गते जहदा गाउँपालिकाको प्रांगणमा धर्ना दिने, पुस १८ गते

वांकी अन्तिम पेजमा...

## ५० रुपियाँ सहयोग उठाएर जिल्ला अधिवेशन

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले प्रत्येक सदस्यहरुवाट ५० रुपियाँ सहयोग उठाएर जिल्ला कमिटी मोरंगको नवौं जिल्ला अधिवेशन पुस महिनाका अन्तिम साता विराटनगरमा गर्ने भएको छ ।

पार्टीको सदस्यहरुवाट १७ लाख ५० हजार संकलन हुने र अधिवेशन प्रतिनिधीवाट ५ सय र आयोजकवाट १ हजार समेत उठाएर अधिवेशन सम्पन्न गर्ने अझै खर्चलागे आफ्नै पार्टी भित्रैबाट सहयोग संकलन गरी अधिवेश खर्च जुटाउने अन्य तिर आर्थिक भार नदिने मोरंग जिल्ला अध्यक्ष ऋषिकेश पोखरेलले वताए ।

"वैचारिक गतिशिल र रचनात्मक नेतृत्व, सुदृढ र एकताबद्ध संगठन, एमालेको नेतृत्वमा सम्बृद्ध मोरंग" भन्ने नाराका साथ पुस २३ र २४ गते जिल्ला अधिवेशन उत्साहजनक ढंगवाट व्यवस्थित रुपमा सम्पन्न गर्ने कुरा ९ औं जिल्ला अधिवेशन प्रचार प्रसार समिति संयोजक रुपेश खतिवडाले पत्रकार सम्मेलनमा वताए ।

जिल्ला अधिवेशनका प्रतिनिधिहरु पालिकाहरुवाट १ सय ५९ वटा वडावाट पार्टी सदस्यहरुको भेलाल पहिलो १ सय पार्टी सदस्य बरावर १ महिला सहित ३ प्रतिनिधी हुनेछ भने १ सय भन्दा कम सदस्य भएमा ३ जना नै प्रतिनिधी हुने र १ सय भन्दा बढी पार्टी सस्य रहेमा क्रमश ५० प्रतिशत सदस्य बरावर १ जना प्रतिनिधी थप गर्दै अन्तिम शेष २५ जना भन्दा माथि पार्टी सदस्य हरेमा १ जना थप प्रतिनिधी चयन हुनेछ । छनौट भएका मध्ये ३३ प्रतिशत महिला प्रतिनिधी अनिवार्य हुने भएको छ ।

पार्टीको सवै जनसंगठनहरुवाट ५/५ जना प्रतिनिधी समेत चयन हुने भएको छ । त्यसैगरी मज्दुरका सम्पुर्ण शाखा र ट्रेड युनियन महासंघवाट २१ जना, मोरंग काठमाण्डौ सम्पर्क मञ्चवाट ५

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## लाखौं...

म र मेरो छोराको नाउँमा कायम रहेको जग्गा खाली गराई दिन जिल्ला प्रशासन कार्यालय मोरंग, जिल्ला प्रहरी कार्यालय मोरंग र विराटनगर महानगर पालिका समेतमा फछ्र्यौटको लागि निवेदन दिएको तर कुनै सुनवाही नभएको खैरुनको भनाई छ ।

सवोच्च अदालतवाट फैसला भएको करीव ८ वर्ष हुन लागेको छ तर उक्त जग्गा र घर खाली गरेको छैन । खाली गर्न भन्दा उल्टै म खैरुन निशा र मेरो छोरी रानी खातुन र छोरा हफिजुल्ला मियाँलाई मार्ने कुटपिट गर्ने धम्की दिई रहेको वताए । मेरो छोरा हफिजुल्ला मियाँ समेतको दिमागी हालत ठीक नभएको वताए ।

जबकी जेठी तर्फको तीन छोराहरु अताउल्ला, उमेदउल्ला र सनाउल्ला पिताको जीवन कालमै २०५६ साल असोज २ गते अंश भर्पाई गरी अंक बुझी सकेको छ । तर पनि तीनीहरु र तीनीहरुका छोरा ओवी हुल, राजु, पप्पु लगाईतले जग्गा खाली नगरी उल्टै मारपीट गर्ने, गाली गलौच गर्ने र मार्ने समेत धम्की दिई रहेको खैरुन निशाको आरोप छ ।

सर्वोच्च अदालतवाट त कागजमा न्याय पाएकै हो तर स्तानीय स्तरमा स्थानीय तर र प्रहरी प्रशासन समेतमा जग्गा छुट्याई पाउँ निवेदन दिदा पनि प्रशासन समेतले आलटाल गरेको आरोप खैरुन निशाले लगाउँछिन् ।

मुद्दा मामिलाको एक पोको कागज सहित सर्वोच्च अदालतको फैसला र प्रहरी प्रशासन र स्थानीय तह विराटनगर महानगर पालिकामा निवेदन दिएको कागजहरु वोकेर बोकेर वृद्ध खैरुन निशा र उनकी छोरी रानी खातुन भौतारी रहेकी हुन्छीन ।

आमा छोरीले हाम्रो भागको घर जग्गा छुट्याई दिन प्रहरी प्रशासन र स्थानीय तहका जनप्रतिनीधिहरु समेतलाई आग्रह गरेकी छिन् ।

## ५० रूपियाँ...

प्रनिनिधी, पिछडा वर्ग महासंघ ( ओविसी) वाट ५ जनाप्रतिनिधी समेत चयन हुनेछ । दलित प्रतिनिधीका लागि सबै पालिकावाट दलित पार्टी सदस्यहरुको भेलावाट २५ जना बरावर १ जना प्रतिनिधी छनौट हुने छ । वामपन्थी मारवाडी युवा मञ्च तथा निर्माण व्यवसायीवाट ३/३ जना प्रतिनिधी छनौट गरीने भएको छ । सो अधिवेशन करीब १ हजार ३ सय जना प्रतिनिधीहरुको सहभागिता हुने भएको छ ।

७७ वटै जिल्लामा एकैपटक जिल्ला अधिवेशन हुने भएकोले सो अधिवेशनको भरचुअल माध्यामबाट नेकपा (एमाले) पार्टी अध्यक्ष एवं पूर्वप्रधान मन्त्री केपी शर्मा आलीले समुद्घाटन गर्नुहुने छ ।

## भूसको...

बालीनालीको क्षति वापत राहत दिनुपर्ने, फसलको उचित समर्थन मूलय निर्धारण गर्नुपर्ने, उखु किसानको भुक्तानी गर्नुपर्ने माग अगाडी सारेका छन् ।

त्यसैगरी किसान कार्ड व्यवस्था गरी-किसान कार्ड देखाएर सीमानाकाको वजारबाट सामान ल्याउन पाउने व्ह्वस्था गर्नुपर्ने, किसानलाई पनि पेन्सनको व्यवस्था गर्नुपर्ने, स्वत: बालीनाली वीमा हुने सुनिश्चितता गर्नुपर्ने, किसानमाथि दमन बन्द गर्नुपर्ने लगायत १२ बुद्धे माग राखेर अनिश्चि कालीन आन्दोलन शुरु गरेको छ ।

## अध्यक्षले...

गाउँपालिकाको सम्पूर्णका ठप्प पारी तालाबन्दी गर्ने, माग सम्बोधन नभए पुस १९, २० र २१ गते ३ दिन धर्ना कार्यक्रम गर्ने भएको छ ।

उक्त आन्दोलनका कार्यक्रममा नेपाल शिक्षक महासंघ जहदा, नेपाल शिक्षक संघ जहदा, नेपाल राष्ट्रिय शिक्षक संगठन जहदा, एकिकृत नेपाल शिक्षक संगठन जहदा, समाजवादी शिषक फोरम जहदा, नेपाल विद्यालय कर्मचारी परिषद जहदा, नेपाल राहत शिक्षक संगठन जहदा बालविकास स. का जहदा लगायतको समर्थन रहेको छ ।

जहदा गाउँपालिका अहिले विवादै विवादको गाउँपालिका भएको छ । यसभन्दा अगाडी भवन निर्माणको टेण्डर विवाद, शिक्षक नियुक्ति विवाद, शिक्षिका माथि हातपात विवाद, किर्ते हस्ताक्षर लगायतको विवाद गर्दै अहिले विद्यालय कर्मचारी र बालविकास शिक्षिकाहरुको विवाद वाहिर आएको छ ।

धेरै जसो विवादमा गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत लगायत शिक्षक नियुक्तिमा चलखेल गरेको शिक्षक माथि पनि अख्तियारमा उजुरी परिसकेको स्रोतको दावी छ ।

# सोनार समाजद्धारा जाडोको कपडा वितरण



विराटनगर । नेपाल सोनार समाज मोरङले रंगेली नगरपालिका वडा नं. ५ का अति विपन्न परिवारहरुलाई एक कार्यक्रमका बीच एक सय भन्दा बढीलाई कम्बल वितरण गरिएको छ ।

काली मन्दिरको प्राङणमा आयोजित एक कार्यक्रमका बीच नेपाल सोनार समाज मोरङले अति विपन्न एक सय भन्दा बढीलाई कम्बल वितरण गरिएको थियो । कम्बल पाएपछि रंगेली नगरपालिका वडा नं. ५ का अति विपन्न अनिल दतले सोनार समाजप्रति खुशी व्यक्त गरेका थिए ।

मानवीय सेवा गर्ने उद्देश्यले अति विपन्नहरुलाई जाडोबाट न्यानो राख्नका लागि कम्बल वितरण गरिएको नेपाल सोनार समाज मोरङका सभापति महेश सोनारले वताए ।

नेपाल सोनार समाज मोरङका सदस्यहरुवाट संक्लन गरिएको सहयोग रकमले अति विपन्नहरुलाई कम्बल वितरण गरिएको भन्दै संस्थाले विगतका दिनहरुमा पनि निरन्तर जाडोको समयमा अति विपन्नहरुको पहिचान गरेर न्यानो कपडा उपलब्ध गराउँदै आइरहेको सभापति सोनारले जानकारी गराएका थिए ।

अति विपन्नहरुको पहिचान गरेर नेपाल सोनार समाज मोरङले कम्बल वितरणको कार्य निकै नै प्रशंसनीय रहेको रंगेली नगरपालिकाका मेयर दिलीप बगडीयाले वताए ।

कम्बल हस्तान्तरणको क्रममा नेपाल सोनार समाज मोरङका सदस्यहरुलाई धन्यवाद व्यक्त गरेका थिए ।

अति विपन्न वर्गका मानिसहरुका लागि सोनार समाजले अझै सहयोग जुटाउन संगठित भइरहेको सभापति सोनारले वताए ।

**क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक**

## लागुऔषध रहित परिवार : स्वस्थ जीवनको आधार

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ। लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ। गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं। स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्वन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
dbs|Mfaf lk|06;{ckm;]6 k|] , lj/f6gu/–& O{d]nM crimeopration@gmail.com

## सम्पादकीय

# किसानको मागलाई सम्बोधन गर

नेपालमा कृषि प्रधान देश हो। यहांका पचासी प्रतिशत जनता कृषिमा आधारीत छन्। कुनै समय थियो नेपालबा कृषि जन्य बस्तुहरु भारत लगायतका देशहरुमा निर्यात हुन्थ्यो तर अहिले अवस्था उल्टो छ हामी पर निर्भर भएका छौ। अर्थात आफ्नै देशमा उत्पाद हुने कृषि जन्य बस्तुहरु कम उत्पादन हुन थाले पछि विदेशवाट ती समाजहरु आयात गर्न बाध्य भएका छौ। यसको मुख्य दोषी हो नेपाल सरकार। नेपाल सरकारको सत्तामा पुगेका राजनीतिक दलका नेताहरुले कहिले पनि कृषि पेशा तिर ध्यान दिइएन। देश चाहिल कृषि प्रधान तर यहांको पढाई सिस्टम जस्ट उल्टो कृषि पढ्नै पर्दैन। विदेशहरुमा पढेलेखेका विद्धानहरु कृषि पेशामा लाग्छन्। नेपालका विद्धानहरुले कृषि पेशालाई तुक्ष ठान्दछन्। जसको कारण कृषि पेशामा लागेका किसानहरुको उत्पादनमा कमी आएका करण वर्षैपिछे जग्गा वेज्दै खाना खार्च जुटाउन वाध्य भई किसानहरुले आफ्नो छोरा-छोरीहरुलाई कृषि पेशावाट विस्थापित गर्दै अन्य पेशामा उत्साहित गर्न थाले। आर्थिक आन्दानी वढाउनका लागि छोरा-छोरीहरुलाई काम गर्न विदेश पठाएका छन्। यसको मुख्य कारण हो सरकारले कृषि पेशा तिर लगानी नगर्नु र ध्यान नपुर्‍याउनु हो।

नेपामा किसानहरुमा कहिले एकता हुँदैन, कृषकहरु आन्दोलन गर्न सक्दैन भन्दै कुरा काटि रहेको थियो। त्यसलाई चुनौती दिदै अहिले नेपालमा जनमत पार्टीको अगुवाईमा अनिश्चित कालीन किसानको आन्दोलन शुरु भई सकेको छ। ती आन्दोलन भुसको आगो जस्तै किसानहरुको घर-घरमा पुगी सकेको छ। जसले गर्दा किसानहरुको सडक आन्दोलनमा दिनानुदिन कृषकहरुको संख्या बढ्दै गएको छ। जनमत पार्टीले किसानको माग सम्बोधन गर्न सरकारले उच्चस्तरीय समिति गठन गर्नुपर्ने, समयमा मलखाद र बीउको व्यवस्थापन गर्नुपर्ने, सिचाईको व्यवस्था गर्नुपर्ने, नसके सिंचाइको लागि विद्युत निःशुल्क उपलब्ध गर्नुपर्ने, हावाहुरी र वर्षाले भएको बालीनालीको क्षति वापत राहत दिनुपर्ने, फसलको उचित समर्थन मूलय निर्धारण गर्नुपर्ने, उखु किसानको भुक्तानी गर्नुपर्ने, किसान कार्ड व्यवस्था गरी-किसान कार्ड देखाएर सीमानाकाको वजारबाट सामान ल्याउन पाउने व्यवस्था गर्नुपर्ने, किसानलाई पनि पेन्सनको व्यवस्था गर्नुपर्ने, स्वतः बालीनाली वीमा हुने सुनिश्चितता गर्नुपर्ने, किसानमाथि दमन बन्द गर्नुपर्ने लगायत १२ बुढे माग राखेर अनिश्चि कालीन आन्दोलन शुरु गरेको छ।

नेपाल सरकारले कृषकको मागलाई अविलम्ब सम्बोधन गर्नु पर्दछ। यदि कृषकहरुको मागलाई वेवास्ता गर्दै सरकारका कृषि मन्त्री कानमा तेल हालेर सुते कृषकहरुको आन्दोलन विकराल रुप लिई सरकारले करौडौको क्षति वेहोरने छ जसका जवाफ देही सरकारले लिनु पर्दछ। कृषकहरुको उत्पादनबाट पेट भर्ने, देश चलाउने, तर कृषकका लागि चाहिले मल, बिउ, खाद्य, सिचाई लगायतको व्यवस्था नगर्ने सरकारले समयमै किसानहरुसंग वार्ता गरी समस्याको समाधान गर्न जरुरी छ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोर ञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान सम्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपुर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# अस्मिता मधेशको

वृषेशचन्द्र लाल

तत्कालीन ब्रिटिश र गोर्खाका शाह शासकहरूबीच सम्पन्न सुगौली सन्धिबाट नेपालको दक्षिणी, पूर्वी र पश्चिमी राजनीतिक सीमा निर्धारित भएदेखि नै चौतर्फी अति शोषण, विभेद र अपमानको सामना गर्दै आइरहेका छन् मधेसी र थारुहरू। उनीहरू २०६३ माघ ५ बाट आफ्ना अधिकार र समानताको मागका साथ सडकमा ओर्लिएका थिए। नेपालगञ्जमा मधेसीहरूमाथि राज्य र सम्प्रदायिकतावादीहरूबाट भए गरिएका विभत्स आक्रमण, अन्तरिम संविधान निर्माण गरिंदा दिइएको धोखा आदि विभिन्न घटनाको प्रतिक्रिया स्वरुप उठेको त्यो स्वतःस्फूर्त आन्दोलनको त्यतिखेर कुनै लिपिबद्ध रूपमा अगाडि सारिएका माग थिएन। आन्दोलनमाथि अपनत्व दाबी गर्नेहरू धेरैपछि मात्र मागको सूची बनाएका थिए। समूहपिच्छे फरक फरक सूचीहरू तयार पारिएका थिए।

तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले आन्दोलनरत पक्षलाई दुई पटक सम्बोधन गरे। तर आन्दोलनकारी संगठनबाट संस्थागत रूपमा आधिकारिक धारणा राख्ने कोही थिएन। यो विना अल्टिमेटम, विना आह्वानको आन्दोलन थियो। मधेसीहरूमाथि अकारण दमनको मानसिकताको सामूहिक प्रतिकार थियो। हरेक मूलधारीय संघर्ष र अन्य क्रिया कलापमा सहभागिता राष्ट्रिय धारमा समावेश हुने उत्कट आकांक्षाको आन्दोलन थियो। भोगिदै आइरहिएको भूतको उकुसमुकुस, वर्तमानमा देखिएको विभेद तथा दमनको बढ्दो मानसिकता र भविष्यको अन्धकारमय चित्रित हुने दृश्यप्रतिको यो सामूहिक प्रतिकार र अन्याय विरुद्धको चित्कार थियो। त्यसैले यसलाई कसैको अग्रसरताले उठेको भन्नु बेठीक हुनेछ, यो मधेशीहरूको स्वतःस्फूर्त आन्दोलन थियो।

२०६३ माघको जाडोमा उठेको मधेस आन्दोलनबाट मधेसको अस्मिताको प्रस्फुटन भएको थियो। अस्मिता अर्थात् अस्तित्वको, परिचयको र हैसियतको। मधेसको त्यो पहिलो आन्दोलन जो वास्तवमा जनविद्रोह थियो, त्यसले दुईटा मान्यता खोजेको थियो। पहिलो आफ्नो छुट्टै अस्तित्वको यथार्थ र दोस्रो विविधताको सम्मानसहित हरेक किसिमबाट समानताको व्यवहारको अपेक्षा। अस्मिताको लागि यस जनविद्रोहले पहिचान र स्वाभिमानको खोजी गर्‍यो र त्यसको निमित्त जस्तोसुकै विकट संघर्षको प्रतिज्ञा प्रकट गर्‍यो। बिस्तारै मधेस जनविद्रोहका माग परिभाषित हुँदै गए र नेपालको इतिहासमा विविधताको सम्मानको यो पहिलो जनआग्रह बन्यो। यी माग, न्यायसंगत, उचित र प्रवेश्य थिए। यसले समवेत राष्ट्रियताको परिभाषा अगाडि सार्‍यो।

प्रदेश २ मा सरकार चलाउने अभिभारा पाए पनि कार्यक्षमताको सवाल दयनीय नै रह्यो। लडिरहनु पर्ने ठुला पार्टीहरूको चरम नक्कलको सिवाय अरू केही प्रदर्शित हुन सकेन।

यसभन्दा पहिले यस देशमा विविधताको सम्मान, समान अधिकार, विविधताले सजिएको वास्तविक राष्ट्रयता र लोकतन्त्रप्रति अटुट विश्वासको यस्तो समवेत जनआन्दोलन कहिले भएको थिएन। त्यसैले, राजनीति शास्त्रका विज्ञहरूले यस आन्दोलनको द्रुत गतिले विस्तार हुने, यसको ताकत बढ्दै जाने र यसै आन्दोलनले नेपालको राजनैतिक, सामाजिक परिवर्तन गरी अपेक्षित कायाकल्प गर्ने भविष्यवाणी गरेका थिए।

२०६३/६४ र २०७२ को विशाल जनप्रतिरोध हुँदै मधेसको यो आन्दोलन जारी नै छ। मन्दता देखिन्छ, तर एजेन्डाको तिखोपन घटेको छैन। जुनसुकै वर्ग, क्षेत्र वा विचारका हरेक मधेसीमा यसको बुझाई गहिरो र अर्थपूर्ण छ। यथास्थितिवादीहरूको तोडफोड र भेदनको नीति जति सक्रियताले गति सुस्ताए पनि सञ्चित बल घटेको छैन। अपितु गतिमा मन्दताको कारण खोज्नुपर्ने अहिलेको पहिलो आवश्यकता हो। मधेसका क्रान्तिकारी साथीहरूमा मन्दताको कुरा गर्दा ठेस पुग्न सक्छ। मसिहाको अर्थै नबुझी पगडी लगाउने कोसिस गर्नेहरूको रिसले नाकको घण्टी फुल्ला। तर, सत्य यही हो। यी कारणहरूको अन्त्य नगरिए सत्याग्रहयुक्त विद्रोह अगाडि बढ्न सक्दैन।

जनविद्रोहमा आरोह अवरोहको तरङ्ग हुन्छ। पहिलो संविधानसभाको निर्वाचनपछि दोस्रोमा आउँदासम्म पहिलोबाट ओरालिनुको कारण आपसी मनमुटाव र सत्तातिर लोभिएका आँखाहरू थिए। तर, फेरि २०७२ मा भएको आन्दोलनले यी कमजोरीहरूलाई पार्श्वमा धकेलेको थियो। तैपनि नेतृत्वपंक्तिमा सत्ताको उत्कट लालसा र भोक आमचुनावपछि शान्त हुनुको सट्टा झनै बढ्यो। अझ हतार नै भयो। एजेन्डा र विचारको मर्यादाभन्दा पनि मन्त्री बन्ने, आफ्ना नातेदारलाई उच्चासनमा सजाउने, मधेसी जनताले दिएको मत जनताकै कट्टरविरोधी लभको बाँसुरी बजाउने वा मधेसी-थारुलाई आँप र कटहर ठान्नेहरूसँग मोलतोल गरेर बेच्ने कामहरू मात्र भए।

पार्टीका अध्यक्षहरू पार्टी र पार्टीले पाएको मत, देखिएको जनसमर्थन शाह राजाहरूले मुलुकलाई अर्जेको भने जसरी पैतृक वा आर्जनको ठाने, अहिलेको मन्दताको कारण आन्दोलन वा आन्दोलनकारीहरूमा रहेको त्रुटिको होइन। एक अर्कालाई लोभ र स्वार्थवश दुस्मन नै ठान्ने गरीको मनमुटाव र एजेन्डाको स्थानलाई त्यागेर सत्तातिरका लाममा बढेका गोडाहरू हुन्, आन्दोलनको मर्यादा र चरित्रको भारी बिसाएर यथास्थितिवादको पङ्क्तिमा गोराफाट गर्न जानु हो।

नेतृत्वपंक्तिमा विचारको स्थिरता देखिएन र मुद्दासँगै वैचारिक संगतताको पूर्णतः अभाव देखियो। मुद्दासँग सम्वद्ध वैचारिक विकासको खडेरी यतिसम्म देखियो कि आन्दोलनमा भाग लिनबाट आन्दोलनताका डराउनेहरू नाम मात्रले नै पनि धमिलो पानीमा माछा मार्न भ्याए र भजाए।

मधेसी र थारु जनतामा एजेन्डाको बलबुताले आन्दोलन अझै जारी रहे पनि यस आन्दोलनको अस्मिता र हैसियतमा विचलन, मन्दता वा ह्रासको कारक नेतृत्वको कमजोरी हो। नभए यस्तो उल्टो गति हुने नै थिएन।

आन्दोलनले मधेसी, थारु, आदिवासी जनजाति, दलित, मुस्लिम तथा विभिन्न कारणले पिछडिएकाहरूको पहिचानको एजेन्डा स्थापित गर्‍यो र समावेशिताको माग मजबुत गर्‍यो। मधेस र थरुहटले यस्तो आन्दोलन नउठाएको भए शायद संविधानसभामा यी सवालहरू यति विधि उठ्न सक्ने थिएन। अन्तर्राष्ट्रिय समुदायको पनि यतातिर ध्यान जाने थिएन। सामाजिक रूपान्तरणको जे जति गति अहिले छ, त्यसभन्दा निकै कम हुन्थ्यो। ठुला भनिने दलका नेतृत्व यी सबै विषयवस्तुतिर कति गम्भीर, इमानदार र प्रतिबद्ध छन् भन्ने कुरा सबैलाई थाहा भएकै हो। तैपनि आन्दोलनको रापताप घट्दैछ। नेतृत्वपंक्ति सत्ताको निमित्त अरूको पछि दगुर्ने, मुद्दालाई अपहेलित गरी तिनकै समीकरणमा सम्मिलित हुन मरिहत्ते गर्ने, धन र पगडीको लोभमा गिडगिडाउने मानसिकता अझै विद्यमान छ। यसले गर्दा आन्दोलनबाट प्राप्त परिवर्तनको स्वामित्व पनि सहजसँग पाउन सकेको छैन।

नेतृत्वपंक्तिमा विचारको स्थिरता देखिएन र मुद्दासँगै वैचारिक संगतताको पूर्णतः अभाव देखियो। मुद्दासँग सम्वद्ध वैचारिक विकासको खडेरी यतिसम्म देखियो कि आन्दोलनमा भाग लिनबाट आन्दोलनताका डराउनेहरू नाम मात्रले नै पनि धमिलो पानीमा माछा मार्न भ्याए र भजाए। फलस्वरूप यथास्थितिवादी र विरोधीहरूले चाहेजति अनुकूल वातावरण हाम्रा नेतृत्वपंक्तिको लोलुपताले सजिलै पाए।

मधेस र थरुहटको अस्मिता, हैसियत र राजनीतिक शक्तिमा ह्रासको अर्को कारण पनि नेतृत्वपंक्तिमा सन्दर्भित विषयवस्तुबारे ज्ञान र कार्यक्षमताको अभाव हुनु हो। मधेस आन्दोलनको सबैभन्दा अन्तर्य भाव मधेसी र थारुको रूपमा संगठित शक्तिको निर्माण गर्नु हो। यस मामिलामा समेत नेताहरू खरो उत्रेनन्। समावेशीको नारा दिनेहरू स्वयं जातको पूर्वाग्रहले ग्रसित देखिए। समावेशीसम्बन्धि आफ्नै जे जति उपलब्धिको पनि चरम दुरुपयोग गरे। यसका लागि प्राप्त कानुनी बाध्यतासहितको अवसरलाई खरिदबिक्रीको विषय बनाए। मनोनयन र नियुक्तिका अन्य अवसरहरूमा समेत यसै गरियो। शीर्ष पदमा आसीन हुनेहरू अर्थ र गहनता नै नबुझी आफूहरूलाई मसिहा घोषित गर्ने धुनमा लागे। आफूपछि आन्दोलनकारी नेतृत्वपंक्ति नै विकसित हुन दिएनन्। विचार, मुद्दा र प्राथमिकताका कुरा गर्नेहरूसँग इन्द्रको सिंहासन डग्मगाए जसरी डराए।

कार्यक्षमताको अभाव पनि त्यतिकै महसुस गरियो। संघीय सरकारमा सहभागी हुँदा जुन राजनीतिक शक्तिबाट उनको उद्गम छ, त्यससँग सम्बन्धित रंग कतै प्रतिविम्बित भएन। मधेस र

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# ग्रामथान गापामा उपाध्यक्षसँग छात्रा कार्यक्रम शुभारम्भ




विराटनगर । रवि आधारभूत विद्यालय ग्रामथान वडा नं २ झोराहाटबाट ग्रामथान गाउँपालिका स्तरीय उपाध्यक्षसंग छात्रा कार्यक्रमको सुरु गरिएको छ ।

छात्राहरूलाई बालअधिकार, सेनेटरी प्याडको प्रयोग र व्यवथापन गर्ने तरिका, बालविवाह, विद्यालयमा पठन पाठन गतिविधी बारेमा जानकारी गराउने उद्देश्यले गाउँपालिका स्तरीय उपाध्यक्षसंग छात्रा कार्यक्रमको शुक्रवार देखि शुरु गरिएको थियो ।

बालअधिकार, सेनेटरी प्याडको प्रयोग र व्यवथापन गर्ने तरिका, बालविवाह, विद्यालयमा पठन पाठन गतिविधी, छलफल, घरेलु हिंसा लगायतका विषयहरुमा केन्द्रित रहेर जानकारी गराउँने गाउँपालिकाकी उपाध्यक्ष फुल कुमारी चौधरीले जानकारीले जानकारी दिन भयो ।

गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुमा गएर विधालयका छात्राहरूलाई बालअधिकार, सेनेटरी प्याडको प्रयोग र व्यवथापन गर्ने तरिका, बालविवाह, विद्यालयमा पठन पाठन गतिविधी बारेमा जानकारी गराउने उहाँले बताउनुभयो । कार्यक्रमबाट विद्यालयका शैक्षिक गतिविधी, छात्र/छात्रामैत्री वातावरण छ कि छैन, छात्राहरूका लागि सुधार गर्नुपर्ने कार्यक्रम के के हुन भने कुरा को जानकारी हुने सकिने उहाँको भनाई थियो ।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष शिव नारायण माझी, विशिष्ट प्रशासकिय अधिकृत गणेश बहादुर कार्की, शिक्षा प्रमुख भिम प्रसाद न्यौपाने, बालबालिका तथा महिला शाखाका अधिकृत लक्ष्मी धिताल लगायतको सहभागिता रहेको थियो ।

# रोटरी क्लवद्धारा स्वास्थ्य शिविर

विराटनगर , रोटरी क्लव अफ विराटनगरले नेपाल मुस्लिम डाक्टर्स एण्डस पारामेडिक्स एशोसिएशनको सहकार्यमा आयोजना गरिएको नि:शुल्क स्वास्थ्य शिविरबाट २ सय ५६ जनाले स्वास्थ्य लाभ लिएका छन् ,

विराटनगर महानगरपालिका वडा नं. ६ स्थित जनचेतना आधारभुत विद्यालयको प्राङ्गणमा आयोजित नि:शुल्क स्वास्थ्य शिविरबाट स्थानीय जेष्ठ नागरीक, बालबालिका र महिलाहरुले निशुल्क उपचार गराएका थिए ,

उक्त शिविरमा बालरोग बालरोग विशेषज्ञ डाक्टर सन्जय कुमार दास, फिजिसियन डाक्टर वाक्वार अहमद लगायतले जेष्ठनागरी र बालबालिका हरुको स्वास्थ्य परिक्षण गरेका थिए । धेरै जसो मानिसहरुको स्वास प्रस्वास, प्रेसर, सुगरको समस्या रहेको मध्ये प्रेस, सुगरको समस्या बढी देखिएका बिरामीहरुलाई थप उपचारका लागि कोशी अस्पताल लगायत सुविधा सहितको अन्य अस्पतालहरुमा जान डाक्टरहरुले सुझाव दिएका थिए ,

नि:शुल्क स्वास्थ्य शिविरि कार्यक्रममा विराटनगर महानगरपालिकाका मेयर भीम पराजुली, रोटरी क्लव अफ विराटनगरका अध्यक्ष सुरेन्द्र गोल्छा, विराटनगर महागरपालिका वडा नं ६ का वडाअध्यक्ष विजय कामत, लगायतको उपस्थिति रहेको थियो ,

छोरा छोरीमा भेदभाव नगरौ । छोरा छोरी दुवैलाई अनिवार्य विद्यालय पठाऔ ।

## कोरोना (COVID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

# शांति दूत कृष्ण, युद्ध की शुरुवात तथा कृष्ण द्धारा अर्जुन को उपदेश

श्रीकृष्ण का अर्जुन को विराट रूप दिखाना

धर्मराज युधिष्ठिर सात अक्षौहिणी सेना के स्वामी होकर कौरवों के साथ युद्ध करने को तैयार हुए । पहले भगवान श्रीकृष्ण परम क्रोधी दुर्योधन के पास दूत बनकर गये । उन्होंने ग्यारह अक्षौहिणी सेना के स्वामी राजा दुर्योधन से कहा-

'राजन तुम युधिष्ठिर को आधा राज्य दे दो या उन्हें पाँच ही गाँव अर्पित कर दो; नहीं तो उनके साथ युद्ध करो ।'

श्रीकृष्ण की बात सुनकर दुर्योधन ने कहा- 'मैं उन्हें सुई की नोक के बराबर भूमि भी नहीं दूँगा; हाँ, उनसे युद्ध अवश्य करूँगा ।'

ऐसा कहकर वह भगवान श्रीकृष्ण को बंदी बनाने के लिये उद्यत हो गया । उस समय राजसभा में भगवान श्रीकृष्ण ने अपने परम दुर्धर्ष विश्वरूप का दर्शन कराकर दुर्योधन को भयभीत कर दिया । फिर विदुर ने अपने घर ले जाकर भगवान का पूजन और सत्कार किया ।

तदनन्तर वे युधिष्ठिर के पास लौट गये और बोले-'महाराज! आप दुर्योधन के साथ युद्ध कीजिये'

युधिष्ठिर और दुर्योधन की सेनाएँ कुरुक्षेत्र के मैदान में जा डटीं । अपने विपक्ष में पितामह भीष्म तथा आचार्य द्रोण आदि गुरुजनों को देखकर अर्जुन युद्ध से विरत हो गये, तब भगवान श्रीकृष्ण ने उनसे कहा-"पार्थ! भीष्म आदि गुरुजन शोक के योग्य नहीं हैं । मनुष्य का शरीर विनाशशील है, किंतु आत्मा का कभी नाश नहीं होता । यह आत्मा ही परब्रह्म है ।

'मैं ब्रह्म हूँ'- इस प्रकार तुम उस आत्मा को समझो । कार्य की सिद्धि और असिद्धि में समानभाव से रहकर कर्मयोग का आश्रय ले क्षात्रधर्म का पालन करो ।"

श्रीकृष्ण के ऐसा कहने पर अर्जुन रथारूढ़ हो युद्ध में प्रवृत्त हुए । उन्होंने शंखध्वनि की । दुर्योधन की सेना में सबसे पहले पितामह भीष्म सेनापति हुए । पाण्डवों के सेनापति शिखण्डी थे । इन दोनों में भारी युद्ध छिड़ गया । भीष्मसहित कौरव पक्ष के योद्धा उस युद्ध में पाण्डव-पक्ष के सैनिकों पर प्रहार करने लगे और शिखण्डी आदि पाण्डव- पक्ष के वीर कौरव-सैनिकों को अपने बाणों का निशाना बनाने लगे ।

कौरव और पाण्डव-सेना का वह युद्ध, देवासुर-संग्राम के समान जान पड़ता था । आकाश में खड़े होकर देखने वाले देवताओं को वह युद्ध बड़ा आनन्ददायक प्रतीत हो रहा था । भीष्म ने दस दिनों तक युद्ध करके पाण्डवों की अधिकांश सेना को अपने बाणों से मार गिराया ।

भीष्म द्रोण वध

बाणो की शय्या पर लेटे भीष्म

दसवें दिन अर्जुन ने वीरवर भीष्म पर बाणों की बड़ी भारी वृष्टि की । इधर द्रुपद की प्रेरणा से शिखण्डी ने भी पानी बरसाने वाले मेघ की भाँति भीष्म पर बाणों की झड़ी लगा दी । दोनों ओर के हाथीसवार, घुड़सवार, रथी और पैदल एक-दूसरे के बाणों से मारे गये । भीष्म की मृत्यु उनकी इच्छा के अधीन थी ।

जब पांडवों को ये समझ में आ गया की भीष्म के रहते वो इस युद्ध को नहीं जीत सकते तो श्रीकृष्ण के सुझाव पर उन्होंने भीष्म पितामह से ही उनकी मृत्यु का उपाय पूछा. उन्होंने कहा कि जब तक मेरे हाथ में शस्त्र है तब तक महादेव के अतिरिक्त मुझे कोई नहीं हरा सकता. उन्होंने ने ही पांडवों को सुझाव दिया कि शिखंण्डी को सामने करके युद्ध लड़े. वो जानते थे कि शिखंडी पूर्व जन्म में अम्बा थी इसलिए वो उसे कन्या ही मानते थे ।

१० वे दिन के युद्ध में अर्जुन ने शिखंडी को आगे अपने रथ पर बिठाया. शिखंडी को आगे देख कर भीष्म ने अपना धनुष त्याग दिया । उनके शस्त्र त्यागने के बाद अर्जुन ने उन्हें बाणो कि शय्या पर सुला दिया ।

वे उत्तरायण की प्रतीक्षा में भगवान विष्णु का ध्यान और स्तवन करते हुए समय व्यतीत करने लगे । भीष्म के बाण-शय्या पर गिर जाने के बाद जब दुर्योधन शोक से व्याकुल हो उठा, तब आचार्य द्रोण ने सेनापतित्व का भार ग्रहण किया ।

उधर हर्ष मनाती हुई पाण्डवों की सेना में धृष्टद्युम्न सेनापति हुए उन दोनों में बड़ा भयंकर युद्ध हुआ, जो यमलोक की आबादी को बढ़ाने वाला था । विराट और द्रुपद आदि राजा द्रोणरूपी समुद्र में डूब गये ।

उस समय द्रोण काल के समान जान पड़ते थे । इतने ही में उनके कानों में यह आवाज आयी कि 'अश्वत्थामा मारा गया' इतना सुनते ही आचार्य द्रोण ने अस्त्र शस्त्र त्याग दिये । ऐसे समय में धृष्टद्युम्न के बाणों से आहत होकर वे पृथ्वी पर गिर पड़े

कर्ण, शल्य और दुर्योधन वध

कर्ण और अर्जुन का एक दूसरे पर पर लक्ष्य करना

द्रोण बड़े ही दुर्धर्ष थे । वे सम्पूर्ण क्षत्रियों का विनाश करके पाँच वें दिन मारे गये । दुर्योधन पुन: शोक से आतुर हो उठा । उस समय कर्ण उसकी सेना का कर्णधार हुआ । पाण्डव-सेना का आधिपत्य अर्जुन को मिला । कर्ण और अर्जुन में भाँति-भाँति के अस्त्र-शस्त्रों की मार-काट से युक्त महाभयानक युद्ध हुआ, जो देवासुर-संग्राम को भी मात करने वाला था ।

